Union Network International (UNI) र नेपाल ट्रेड युनियन काँग्रेस (NTUC) सँग आबद्ध

# नेपाल वित्तीय संस्था कर्मचारी संघ

## राष्ट्रिय समिति

## बबरमहल, काठमाण्डौ, नेपाल

## स्थापित : २०४७

मिति : २०८०/११/१७

## प्रेस विज्ञप्ती

नेपालको बैंक, बीमा, लघुवित्त, पूँजी बजार तथा अन्य वित्तीय क्षेत्रमा कार्यरत २०,००० सक्रिय सदस्य संगठित गर्दै करिव ४ लाखभन्दा बढी कर्मचारीहरुको पेशागत हक अधिकार संरक्षण एवं संवर्द्धनको लागि क्रियाशिल रहेको नेपाल वित्तीय संस्था कर्मचारी संघ **(FIEUN)**, राष्ट्रिय समितिले सरकारी तथा निजी क्षेत्रमा स्थापित भएका ५१ वटा वित्तीय संस्थाका प्रतिष्ठानस्तरका ट्रेड यूनियनहरुको नेतृत्व गर्दै **वित्तीय क्षेत्रमा पारदर्शिता, सुशासन तथा मर्यादित कामको सिर्जना गरी यस क्षेत्रको विकास र स्थायित्व**का लागि निरन्तर क्रियाशिल रहँदै आएको छ ।

नेपालको प्रचलित कानूनद्वारा स्थापित बैंक तथा वित्तीय संस्थाहरुको नियामक निकाय नेपाल राष्ट्र बैंकद्वारा जारी नीति/निर्देशनको अधिनमा रही लाखौं सेवाग्राहीहरुलाई अन्तर्राष्टियस्तरको बैंकिङ्ग/वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ । पछिल्लो समयमा केही समूह तथा व्यक्तिहरुले बैंक तथा वित्तीय संस्थाहरुको विषयमा भ्रामक एवं दुष्प्रचार गरी आम जनमानसमा बैंक तथा वित्तीय संस्थाको विश्वसनीयतामा ह्रास आउनेगरी नकारात्मक सन्देश प्रवाह गर्ने खालको कार्य भइरहेको छ भने बैंक तथा वित्तीय संस्थाहरुको कार्यालयहरुमा आक्रमण, कार्यरत कर्मचारीहरु माथि अभद्र व्यवहार तथा साघांतिक आक्रमण आदिका घटना समेत दिनानुदिन बढिरहेको छ । अतः राज्यले अत्यावश्यक सेवा अन्तरगत वर्गिकरण गरेको यस क्षेत्र तथा त्यहाँ कार्यरत कर्मचारीहरुको सुरक्षाको प्रत्याभूति आवश्यकता टड्कारो महशुस गरिएको छ । त्यस्तै बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जाको सांवा तथा व्याज समयमा तिर्न अटेर गर्ने तथा कानून हातमा लिई अराजक घटना घटाउनेहरुलाई हदैसम्मको कारवाहीको लागि यस संघ नेपाल सरकारसंग जोडदार माग गर्दछौं ।

पो.ब.नं. : ८९७५ (इपिसी ५१२२), फोन : +९७७-१-५७०५३५६,
Email : fieunrastriyasamiti@gmail.com, Web : www.fieunnepal.org.np

Union Network International (UNI) र नेपाल ट्रेड युनियन काँग्रेस (NTUC) सँग आबद्ध

# नेपाल वित्तीय संस्था कर्मचारी संघ

## राष्ट्रिय समिति

## बबरमहल, काठमाण्डौ, नेपाल

## स्थापित : २०४७

**'LET A HUNDRED GUILTY BE ACQUITTED BUT ONE INNOCENT SHOULDN'T BE CONVICTED'** (**बरु सयौं अपराधी किन नछुटुन एक जना निर्दोष व्यक्ति सजायको भागीदार हुनु हुँदैन**) भन्ने कानूनको सर्वव्यापी मान्यतालाई आत्मसात गरी राज्यका अनुसंन्धान गर्ने निकाय, न्याय निरुपण तथा दण्ड सजाय गर्ने निकायले कार्य सम्पादन गर्छ भन्ने आमजनअपेक्षा रहेको हुन्छ । **पछिल्ला दिनमा बैंक तथा वित्तीय संस्थाका कर्मचारी कर्तव्यपालनाको क्रममा बैंक तथा वित्तीय संस्थाको कामकारवाहीमा प्रत्यक्ष सहभागी नभएतापनि पदीय जिम्मेवारी बहन गरेको कारणले मात्र दोषी करार गरिएको आभाष हुनेगरी कार्य भएको पाइयो । बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा प्रवाह घरजग्गाको धितो लगायत नगदप्रवाह, परियोजना समेतको आधारमा हुनेहुंदा नियामक निकायको नीति, निर्देशन, ऐन कानून विपरीत अनुचितकार्य भएको भए यस विषयमा पर्याप्त अनुसन्धान/छानविन गरेर कसुरको मात्राको आधारमा मात्र कारवाही प्रकृया अगाडि बढाई बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरुको स्वाभिमान र ख्यातिको ख्याल गर्दै उनीहरुको मनोबल गिर्न नदिन र भय रहित कार्य वातावरण सृजना गर्ने तर्फ गम्भीर हुन सम्वद्ध जिम्मेवार निकायलाई हार्दिक अपिल गर्दछौं ।** देशको बैंक तथा वित्तीय क्षेत्रका कुनै पनि कर्मचारीले आग्रह, पूर्वाग्रह र शंकाको आधारमा कहीकतै, कहिल्यै, कसैले दुःख नपाओस् र सजायको भागी हुन नपरोस् ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषम परिवेशमा देश भित्रका बैंक तथा वित्तीय संस्थाहरुले सामना गरिरहेको कठीन चुनौतीहरुलाई पार लगाउंदै देशको समग्र वित्तीय क्षेत्रलाई स्थायित्व कायम गराउने तर्फ नेपाल सरकार, नेपाल राष्ट्र बैंक तथा समस्त जिम्मेवार निकायलाई गम्भीर हुन समेत जोडदार माग गर्दछौं । यस क्षेत्रमाथि निरन्तर प्रहार भईरहने यस्ता गतिविधीहरु हुन नदिन तत्काल समस्याको सम्बोधन होस् भनी यस संघ जोडदार माग गर्दछ । यस संघको मागलाई वेवास्ता गरी अघिबढेमा यस संघ विवश भई कठोर कदम चाल्न बाध्य हुने व्यहोरा सम्वन्धित सबैमा ध्यानाकर्षण गराउदछौं ।

धन्यबाद ।

२०८० साल फाल्गुण १७ गते विहीबार ॥

पो.ब.नं. : ८९७५ (इपिसी ५१२२), फोन : +९७७-१-५७०५३५६,
Email : fieunrastriyasamiti@gmail.com, Web : www.fieunnepal.org.np